समाचार सङ्क्षेप

पुजारीको शङ्कास्पद मृत्यु

कल्याणपुर (सप्तरी) (गोरखापत्र), भदौ २२ गते। सप्तरीको कञ्चनरूप नगरपालिकामा एक वृद्ध पुजारीको शङ्कास्पद मृत्यु भएको छ। नगरपालिकाको वडा नम्बर ८ सुन्दरी पुलनजिकैको काली मन्दिरमा विगत छ/सात वर्षदेखि पुजारीका रूपमा बस्दै आएका उहाँको शङ्कास्पद मृत्यु भएको हो। अहिलेसम्म पुजारीको नामसमेत खुल्न सकेको छैन।

शनिबार साँझ ७५ वर्षीय पुजारी मन्दिरपरिसरमै टाउकोमा चोट लागी घाइते अवस्थामा भेटिनुभएको थियो। स्थानीयवासीले उहाँलाई नगर अस्पताल कञ्चनपुर पुऱ्याए पनि उपचारका क्रममा उहाँको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक जितेन्द्रकुमार बस्नेतले जानकारी दिनुभयो। उहाँले मृत्यु शङ्कास्पद देखिएको भन्दै प्रहरीले अनुसन्धान थालेको बताउनुभयो। मृतकको शव पोस्टमार्टमका लागि गजेन्द्रनारायण सिंह अस्पताल राजविराजको शवगृहमा राखिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

महिलाको शव फेला

कल्याणपुर (सप्तरी) (गोरखापत्र), भदौ २२ गते। सप्तरीको शम्भुनाथ नगरपालिकामा एक महिलाको शव फेला परेको छ। नगरपालिकाको वडा नम्बर ७ भङ्गाहास्थित देवधार खोलाको किनारमा ४५ वर्षीया महिला मृत अवस्थामा फेला परेका हुन्। शनिबार साँझ खोलाको पूर्वपट्टि रहेको काँसघारीनजिक अज्ञात महिलाको शव फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक जितेन्द्रकुमार बस्नेतले जानकारी दिनुभयो। उहाँले मृतकको पहिचान अझै खुल्न नसकेको र थप अनुसन्धान सुरु गरिएको बताउनुभयो। शव पोस्टमार्टमका लागि गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा राखिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

आखेटोपहारसहित भारतीय नागरिक पक्राउ

बर्दीबास (गोरखापत्र), भदौ २२ गते। महोत्तरीको गौशाला-५ स्थित बजार क्षेत्रमा भाडामा बस्दै आएका भारतीय नागरिकको घरबाट प्रहरीले वन्यजन्तुको छालासहित भन्सार छलेका ठुलो परिमाणको तयारी कपडा बरामद गरेको छ। गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरीक्षक रमेश लामाको कमान्डमा खटिएको टोलीले भारत पश्चिम बङ्गाल कोलकाता निवासी ३६ वर्षीय मनोज रायको डेरामा छापा मारेको थियो।

तलासीका क्रममा हरिणको सुकेको छाला (आखेटोपहार) सहित २१ लाख पाँच हजार ६९९ रुपियाँ बराबरका तयारी कपडा बरामद गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी एवं सूचना अधिकारी शैलेन्द्र भट्टले जानकारी दिनुभएको छ। प्रहरीले भारतीय नागरिक रायले भाडामा लिएको चार वटा गोदाममा छापा मारी बच्चा, महिला र पुरुषले लगाउने ८६ प्रकारका तयारी (रेडिमेड) पोसाक बरामद गरेको जनाएको छ।

जनताप्रति उत्तरदायी हुन निर्देशन

तस्बिर : धर्वेन्द्र झा

कार्यक्रममा कार्यवाहक मुख्यमन्त्री सरोजकुमार यादवसहितका अतिथि।

धनुषा समाचारदाता
जनकपुरधाम, भदौ २२ गते

मधेश प्रदेशका कार्यवाहक मुख्यमन्त्री एवं भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादवले जनताप्रति उत्तरदायी भएर सेवा प्रवाह गर्न निजामती कर्मचारीलाई निर्देशन दिनुभएको छ।

मधेश प्रदेशको राजधानी जनकपुरधाममा आइतबार निजामती सेवा दिवस-२०८२ का अवसरमा मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो। उहाँले भन्नुभयो, "कर्मचारी र जनप्रतिनिधि एउटै रथमा सवार यात्री हौं। विकास र समृद्धिका लागि जनप्रतिनिधि जति जिम्मेवार हुन्छ, त्यति नै कर्मचारी पनि जिम्मेवार हुनु पर्छ।" कार्यवाहक मुख्यमन्त्री यादवले इमानदार भएर निष्ठापूर्वक काम गर्ने कर्मचारीलाई राज्यले सम्मान गर्ने भन्दै अगामी दिनमा उत्कृष्ट काम गर्ने कर्मचारीको फोटो सम्मानजनक रूपमा कार्यालयमा झुन्ड्याउने व्यवस्था गर्न पनि आग्रह गर्नुभयो। उहाँले कर्मचारी र जनप्रतिनिधि दुवै इमानदार भएर निष्ठापूर्वक कामकाज गरे देश समृद्धितर्फ जाने बताउनुभयो।

मधेश प्रदेशका प्रमुख सचिव मदन भुजेलको अध्यक्षतामा भएको कार्यक्रममा गृह, सञ्चार तथा कानुन मन्त्रालयका सचिव विमल बराल, धनुषाका प्रमुख जिल्ला अधिकारी शङ्करहरि आचार्य, गृह, सञ्चार तथा कानुन मन्त्रालयका शाखा अधिकृत राधेशङ्कर पालसहित विभिन्न ट्रेड युनियनका नेताहरूले आआफ्ना मन्तव्य राख्नुभएको थियो। कार्यक्रममा मुख्यमन्त्री यादवले निजामती दिवसका अवसरमा मधेश प्रदेशको खेलकुद तथा समाज कल्याण मन्त्रालयले आयोजना गरेको ब्याडमिन्टन प्रतियोगिताका विजयी खेलाडीलाई प्रमाणपत्र प्रदान गर्नुभएको थियो। कार्यक्रमअघि प्रभातफेरी निकालिएको थियो।

यसै गरी भारदह समाचारदाता सुधा देवका अनुसार सोही दिवसका अवसरमा उच्च अदालत जनकपुर, राजविराज इजलासले उत्कृष्ट काम गर्ने पाँच कर्मचारीलाई पुरस्कृत गरेको छ। पुरस्कृत हुनेमा अधिकृत विष्णु नेपाली, नायब सुब्बाद्वय प्रह्लाद कार्की, माधवप्रसाद यादव, तामेलदार रामचन्द्र साह र कार्यालय सहयोगी पुटुकुमार सिंह रहनुभएको छ। कार्यक्रममा वरिष्ठ न्यायाधीश वामदेव ज्ञवालीले पुरस्कृत हुने पाँचै जनालाई नगदसहित सम्मानपत्र प्रदान गर्नुभयो।

घरमै गएर नागरिकता प्रदान

तस्बिर : जनार्जन खत्री

जमुनियाकी सैरुल खातुन फकिरलाई घरमै पुगेर नागरिकताको प्रतिलिपि प्रदान गरिँदै।

सर्लाही समाचारदाता
सर्लाही, भदौ २२ गते

जिल्ला प्रशासन कार्यालय सर्लाहीले एक अशक्त र एक वृद्ध दम्पतीलाई आइतबार घरमै पुगेर नागरिकता प्रदान गरेको छ।

प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठ र सहायक प्रमुख जिल्ला अधिकारी शिवहरि पोखरेलले गोडैता नगरपालिका-५, रामवनका ८१ वर्षीय फरमुद मियाँ, उहाँकी श्रीमती ७९ वर्षीय ऐसा खातुन र कबिलासी नगरपालिका-७, जमुनियाका ७३ वर्षीय सैरुल खातुन फकिरलाई घरमै पुगेर नागरिकता प्रदान गर्नुभएको हो। मियाँ दम्पती वृद्धवृद्धा र सैरुल शारीरिक रूपमा अशक्त हुनुहुन्छ।

मियाँ दम्पतीलाई नागरिकताको प्रथम प्रतिलिपि र सैरुललाई दोस्रो प्रतिलिपि प्रदान गरिएको जिल्ला प्रशासन कार्यालय सर्लाहीका कम्प्युटर अपरेटर मुकेश यादवले जानकारी दिनुभयो। यादवका अनुसार गोडैतामा नगरप्रमुख देवेन्द्र यादव र कबिलासीमा नगरप्रमुख ब्रह्मदेव रायसहितका जनप्रतिनिधिको उपस्थितिमा तिनै जना सेवाग्राहीलाई घरमा पुगेर नागरिकता हस्तान्तरण गरिएको हो।

नागरिकतासम्बन्धी सेवा लिन जिल्ला प्रशासन कार्यालय मलङ्गवा धाउनुपर्ने सेवाग्राही प्रमुख जिल्ला अधिकारीसहितको टोलीले घरमै आएर नागरिकता प्रदान गरेपछि खुसी हुनुभएको छ। गोडैता नगरपालिकाका प्रमुख देवेन्द्र यादवले प्रशासन कार्यालयबाट प्रदान हुने सेवा सदैव सहज हुनुपर्नेमा जोड दिनुभयो।

प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठले भर्खरै नयाँ भवनबाट सेवा प्रवाह गर्न सुरु गरेको जिल्ला प्रशासन कार्यालयले सेवाग्राहीलाई सहज रूपमा सेवा प्राप्त गर्ने वातावरण बनाउन लागिपरिरहेको बताउनुभयो।

बुवाको सट्टामा परीक्षा दिने छोरा पक्राउ

वीरगन्ज समाचारदाता
वीरगन्ज, भदौ २२ गते

बुवाको नाममा परीक्षार्थी बनेर परीक्षा दिइरहेका छोरालाई क्याम्पस प्रशासनले प्रहरीको जिम्मा लगाएको छ। वीरगन्जको ठाकुरराम बहुमुखी क्याम्पसमा क्याम्पस प्रमुख मोहन यादवका अनुसार परीक्षा हलमा नक्कली परीक्षार्थीले परीक्षा दिइरहेको सूचना प्राप्त भएपछि चेकजाँच गर्दा बुवाको नाममा परीक्षार्थी बनेर परीक्षा दिइरहेको अवस्थामा छोरा फेला परेपछि क्याम्पस प्रशासनले प्रहरीको जिम्मा लगाएको हो।

आइतबार क्याम्पसमा सञ्चालित मानविकी सङ्कायको राजनीतिशास्त्र स्नातकोत्तर तहको तेस्रो सेमेस्टरको परीक्षामा सिम्बोल नम्बर १५२७०२३ का परीक्षार्थी मोहम्मद सहाबुद्दिनको प्रवेशपत्रमा आफ्नो फोटो टाँसेर परीक्षा दिइरहेका मोहम्मद सहाबुद्दिनका आफ्नै २५ वर्षीय छोरा मोहम्मद अफताब फेला परेका हुन्। क्याम्पस प्रमुख मोहन यादवले पक्राउ परेका अफताब र नक्कली परीक्षार्थी पठाएर परीक्षा दिन लगाउने सहाबुद्दिनमाथि त्रिभुवन विश्वविद्यालयको सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को दफा २७० (क) अनुसार कारबाही हुने बताउनुभयो।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख, प्रहरी उपरीक्षक गौतम मिश्रले अफतावलाई वडा प्रहरी कार्यालय बिर्तामा राखिएको र थप अनुसन्धान भइरहेको जानकारी दिनुभयो। प्रहरी उपरीक्षक गौतम मिश्रले गोरखापत्रसँग भन्नुभयो, "अर्केको नाममा परीक्षा दिइरहेको अवस्थामा एक जना पक्राउ परेका हुन्। हामी अहिले ऐन कानुन हेर्ने र सरसल्लाह गर्दै छौं। शिक्षा ऐनमा जे व्यवस्था छ, त्यही अनुसार कारबाही हुन्छ।" यो घटना बाहिरिएसँगै ठाकुरराम क्याम्पसमा हुने गरेका परीक्षाको निष्पक्षता र पारदर्शितामाथि गम्भीर प्रश्न खडा भएको छ।

राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

बुद्धनगर, काठमाडौं, नेपाल

सार्वजनिक-निजी साझेदारीमा लगानी आह्वानको आशय पत्र पेश गर्ने सम्बन्धी सूचना ।

(प्रकाशित मितिः २०८२/०५/२३ गते)

यस कम्पनीको स्वामित्वमा रहेका आयोजनाहरु निर्माणको लागि सार्वजनिक-निजी साझेदारीमा लगानी जुटाउने नीति अन्तर्गत देहायको आयोजना निर्माणको लागि स्वपूंजीको कम्तिमा ५१% (एकाउन्न प्रतिशत) सरकारी निकाय र ४९% (उन्चान्पचास प्रतिशत) निजी प्रवर्द्धक/पब्लिक कम्पनीहरुको लगानी रहने गरी साझेदारी गर्न चाहने कम्पनी वा प्रचलित कानून बमोजिम स्थापना भएको सरकारी/अर्धसरकारी/निजी प्रवर्द्धक/पब्लिक कम्पनीबाट देहाय बमोजिमको शर्तको अधिनमा रही यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आशयपत्र प्रस्ताव पेश गर्न आह्वान गरिन्छ।

सि. न.	आयोजनाको नाम	लम्बाई (कि.मि.)	ट्रान्सफर्मर क्षमता	अनुमानित लागत	आयोजनाको ठेगाना
१.	बझाङ्ग — बनलेक - दोदोधारा ४०० के.भी. विद्युत प्रसारण लाइन आयोजना (पश्चिम सेती कोरिडोर) - ४००/१३२ के.भी. का २ ओटा GIS सबस्टेशनः चैनपुर सबस्टेशन र बनलेक सबस्टेशन सहित	१४५	चैनपुर सबस्टेशन : १६० MVA बनलेक सबस्टेशनः ३१५ MVA	२० अर्ब	सुदूरपश्चिम प्रदेश, बझाङ्ग जिल्ला, जयपृथ्वी नगरपालिका-१, हम्मरसेनको चैनपुर सबस्टेशन हुदै डोटी जिल्ला, शिखर नगरपालिका-१०, स्थित बनलेक सबस्टेशन हुदै कैलाली जिल्लाको बर्दगौंरिया गाउँपालिका-३ को दोदोधारा सबस्टेशन सम्म।

आशयपत्रको साथ पेश गर्नुपर्ने कागजातहरुः

१. सरकारी, अर्ध सरकारी वा निजी प्रवर्द्धक/पब्लिक कम्पनीको संस्थागत प्रोफाइल, कम्पनी नियमावली, स्थायी लेखा नम्बर, पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
२. निजी प्रवर्द्धक/पब्लिक कम्पनीको हकमा पूर्वाधार संरचना सम्बन्धि आयोजनामा गरिएको लगानी, वार्षिक कारोवार, नेटवर्थ (खुद सम्पति) र विगत वर्षको आर्थिक विवरण।
३. स्वपूंजीमा लगानी गर्ने प्रतिशत खुलाई सो सम्बन्धि पुष्ट्याई हुने आवश्यक कागजातहरु।

(नोटः प्रस्तावित प्रसारण लाइनको विस्तृत विवरण Website: www.rpgcl.com वा info@rpgcl.com मार्फत प्राप्त गर्न सकिनेछ।)

परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल विकास समिति

थापाथली, काठमाडौं, (फोन नं. ०१-५३६०२३१)

सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रकाशित मितिः २०८२।०५।२३)

यस अस्पतालवाट उत्पादित जोखिमरहित पुनः चक्रमा जाने फोहर सामानहरु बिकी गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ। इच्छुक फर्म वा कम्पनीले दर्ता प्रमाण-पत्र, व्यवसाय दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, नविकरणको प्रमाणित प्रतिलिपि संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र तपसिलका शर्तहरुको अधीनमा रही दरभाउपत्र दिनु हुन सुचित गरिन्छ। दरभाउपत्र ८ (आठ) औं दिनको १२:०० बजे सम्म बुझाई सक्नु पर्ने र सोहीदिन २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा दरभाउपत्र खोलिनेछ। निजहरुको अनुपस्थितिमा पनि दरभाउपत्र खोल्न सकिनेछ। दरभाउपत्र बुझाउने वा खोल्ने दिन बिदा परेमा सोको भोलिपल्ट सो कार्य गरिनेछ।

तपसिल

१. यस अस्पतालको अर्थशाखामा दरभाउपत्रफारामको लागि रकम रु.१,०००।- (फिर्ता नहुने) जम्मा गरेको भौचर संलग्न गरी निवेदन दिई अस्पतालको प्रशासन शाखावाट ७ दिन भित्र कार्यालय समय सम्म दरभाउपत्र प्राप्त गर्न र बुझाउन सकिनेछ।
२. दरभाउपत्र दिंदा धरौटी बापत रकम रु १५,०००।- (अक्षरेपि पन्ध्र हजार रुपैयाँ) यस अस्पतालको नेपाल इन्भेष्टमेन्ट मेगा बैङ्क, लि., पुल्चोक, ललितपुरको चल्ती खाता नं. ००४०१०१०००६१४५ मा धरौटी वापत जम्मा गरी सोको सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ।
३. बिस्तृत जानकारीको लागि अस्पताल प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ।

त्रि.वि. सेवा आयोगको कार्यालय

उप-प्राध्यापक पदको पदपूर्तिका लागि दरखास्त आव्हान सम्बन्धी सूचना-६ (खुला प्रतियोगिता)

सूचना प्रकाशन मितिः २०८२/०५/२३

त्रिभुवन विश्वविद्यालय अन्तर्गतका विभिन्न निकायहरूका लागि निम्न विषयका उप-प्राध्यापक पदमा खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूबाट मिति २०८२ भाद्र २९ गतेदेखि मिति २०८२ कार्तिक १२ गते रातको ११:५९ बजेसम्ममा (दोब्बर दस्तुर तिरेर मिति २०८२ कार्तिक १९ गते रातको ११:५९ बजेसम्म) वि. वि. सेवा आयोगको वेवसाइट www.tusc.tu.edu.np मा अंकित Online Application वा सिधै https://teachervacancy.tu.edu.np मार्फत अनलाइन दरखास्त आव्हान गरिन्छ। म्याद नाघी प्राप्त हुन आएका र रित नपुगेका दरखास्त उपर कुनै कार्यवाही हुने छैन।

पदः उप-प्राध्यापक (खुला)

क्र. सं.	विज्ञापन नं.	विषय	जम्मा पद संख्या	खुला तथा समावेशी समूह तर्फका माग पद संख्या
१.	१२०३/०८१-०८२	कानुन	३३	खुला १८, महिला ५, आ.ज.४, मधेशी ४, दलित १, पि.क्षे. १
२.	१२०४/०८१-०८२	जनप्रशासन	१	खुला १
३.	१२०५/०८१-०८२	व्यवस्थापन	९१	खुला ५०, महिला १४, आ.ज.११, मधेशी ८, दलित ४, अपाङ्ग २, पि.क्षे. २
४.	१२०६/०८१-०८२	अंग्रेजी	१४	खुला ७, महिला २, आ.ज.२, मधेशी २, पि.क्षे.१
५.	१२०७/०८१-०८२	अन्तराष्ट्रिय सम्वन्ध	३	खुला २, महिला १
६.	१२०८/०८१-०८२	अर्थशास्त्र	१८	खुला १०, महिला ३, आ.ज.२, मधेशी १, अपाङ्ग १, पि.क्षे. १,
७.	१२०९/०८१-०८२	इतिहास	४	खुला २, आ.ज.१, मधेशी १
८.	१२१०/०८१-०८२	कम्प्युटर एप्लिकेशन	१२	खुला ७, महिला १, आ.ज.२, मधेशी १, दलित१
९.	१२११/०८१-०८२	गृहविज्ञान	४	खुला २, महिला १, आ.ज.१
१०.	१२१२/०८१-०८२	ग्रामीण विकास	६	खुला ३, महिला १, आ.ज.१, दलित १
११.	१२१३/०८१-०८२	चित्रकला	२	खुला १, महिला १
१२.	१२१४/०८१-०८२	जनसंख्या अध्ययन	५	खुला ३, मधेशी १, दलित १
१३.	१२१५/०८१-०८२	तबला	१	खुला १
१४.	१२१६/०८१-०८२	द्वन्द शान्ति र विकास	२	खुला १, महिला १
१५.	१२१७/०८१-०८२	नृत्य	२	खुला १, महिला १
१६.	१२१८/०८१-०८२	नेपाल भाषा	३	खुला १, महिला १, आ.ज.१
१७.	१२१९/०८१-०८२	नेपाली	१३	खुला ८, महिला २, आ.ज.१, मधेशी १, अपाङ्ग १
१८.	१२२०/०८१-०८२	पत्रकारिता	३	खुला १, आ.ज.१,मधेशी १,
१९.	१२२१/०८१-०८२	पुस्तकालय विज्ञान	२	खुला १, महिला १
२०.	१२२२/०८१-०८२	बौद्ध अध्ययन	३	खुला २, महिला १
२१.	१२२३/०८१-०८२	भुगोल	६	खुला ३, आ.ज.१,मधेशी १, दलित १
२२.	१२२४/०८१-०८२	मनोविज्ञान	७	खुला ३, महिला १, आ.ज.१, मधेशी १, दलित १
२३.	१२२५/०८१-०८२	मानवशास्त्र	३	खुला १, महिला १, आ.ज.१
२४.	१२२६/०८१-०८२	मुर्तिकला	२	खुला १, महिला १
२५.	१२२७/०८१-०८२	मैथिली	२	खुला १, महिला १
२६.	१२२८/०८१-०८२	राजनीतिशास्त्र	८	खुला ४, महिला १, आ.ज.१, मधेशी १,दलित १
२७.	१२२९/०८१-०८२	लैङ्गिक अध्ययन	२	खुला १, महिला १
२८.	१२३०/०८१-०८२	संगीत	२	खुला १, आ.ज.१
२९.	१२३१/०८१-०८२	संस्कृति	६	खुला ३, आ.ज.१, मधेशी १, दलित १
३०.	१२३२/०८१-०८२	समाजशास्त्र	७	खुला ३, महिला १, आ.ज.१, मधेशी १, अपाङ्ग १
३१.	१२३३/०८१-०८२	सामाजिक कार्य	२	खुला १, आ.ज.१
३२.	१२३४/०८१-०८२	अंग्रेजी शिक्षा	८	खुला ४, महिला १, आ.ज.१, मधेशी १, अपाङ्ग १
३३.	१२३५/०८१-०८२	अर्थशास्त्र शिक्षा	३	खुला २, मधेशी १
३४.	१२३६/०८१-०८२	इतिहास शिक्षा	१	महिला १
३५.	१२३७/०८१-०८२	गणित शिक्षा	७	खुला ४, महिला १, आ.ज.१, मधेशी १
३६.	१२३८/०८१-०८२	जनसंख्या शिक्षा	२	खुला १, महिला १
३७.	१२३९/०८१-०८२	नेपाली शिक्षा	१०	खुला ६, महिला २, आ.ज.१, मधेशी १
३८.	१२४०/०८१-०८२	पाठ्यक्रम तथा मुल्यांकन	४	खुला २, आ.ज.१, मधेशी १
३९.	१२४१/०८१-०८२	राजनीतिशास्त्र शिक्षा	४	खुला २, महिला १, आ.ज.१
४०.	१२४२/०८१-०८२	विज्ञान शिक्षा	६	खुला ४, मधेशी १, दलित १
४१.	१२४३/०८१-०८२	विशेष आवश्यकता शिक्षा	१	खुला १
४२.	१२४४/०८१-०८२	शारिरीक शिक्षा	५	खुला ३, आ.ज.१, मधेशी १
४३.	१२४५/०८१-०८२	शिक्षाको आधार	८	खुला ४, महिला १, आ.ज.१, मधेशी १, अपाङ्ग १
४४.	१२४६/०८१-०८२	शैक्षिक योजना तथा व्यवस्थापन	४	खुला २, मधेशी १, दलित १
४५.	१२४७/०८१-०८२	सामाजिक अध्ययन	५	खुला २, महिला १, आ.ज.१, मधेशी १
४६.	१२४८/०८१-०८२	सूचना प्रविधि शिक्षा	५	खुला ३, मधेशी १, दलित १
४७.	१२४९/०८१-०८२	स्वास्थ्य शिक्षा	६	खुला ३, महिला १, मधेशी १, दलित १

द्रष्टव्यः

१. विज्ञापन सम्बन्धी विशेष सूचनाः- सम्मानित सर्वोच्च अदालतबाट रिट नम्बर ०७८-WO-०६६० उपर भएको उत्प्रेषण आदेश बमोजिम जारि हुने संघीय निजामती सेवा ऐनमा समावेशी समूहको हकमा समेत पदसंख्या निर्धारण भए बमोजिम हुने गरी हाललाई त्रिभुवन विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा सम्बन्धी नियम २०५० बमोजिम विज्ञापनको सूचना प्रकाशन गरिएको छ।
२. आवेदन दस्तुरः उपप्राध्यापक पदका लागि रू. ३०००।- आवेदन दस्तुर अनलाईन प्रणाली मार्फत बुझाउनुपर्नेछ। एकपटक बुझाई सकेको दस्तुर फिर्ता हुनेछैन।
३. विस्तृत विवरण आयोगको वेवसाइट tusc.tu.edu.np मा हेर्न सकिनेछ।